# स्थानीय राजपत्र

## घोराही उप-महानगरपालिका

घोराही, दाङ लुम्बिनी प्रदेश, नेपाल

खण्ड ४) संख्या ५६ स्थानीय राजपत्र भाग १ मिति २०७७०७१७


# शिक्षा ऐन, २०७५

प्रत्येक नागरिकमा नैतिकता, सदाचार, सहिष्णुता र मानवीय मूल्यको प्रबर्द्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस उपमहानगरपालिकाको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापनमा सुधार गरी स्तरीय शिक्षा तथा जीवनोपयोगी सीपको अवसर वृद्धि गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम उपमहानगरपालिकाको नगरसभाले यो ऐन जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "घोराही उपमहानगरपालिका शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन घोराही उपमहानगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “आधारभूत शिक्षा” भन्नाले कक्षा १ देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ख) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) “उपमहानगरपालिका” भन्नाले घोराही उपमहानगरपालिका सम्झनुपर्छ ।

(घ) “नगरसभा” भन्नाले घोराही उपमहानगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ङ) “कार्यपालिका’ भन्नाले घोराही उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) “विशेष शिक्षा” भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा शारीरिक अपाङ्गता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनुपर्छ ।

(छ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनुपर्छ ।

(ज) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्र तथा कक्षा १० पश्चात सिटिइभिटीद्वारा प्रदान गरिने ३ वर्षे डिप्लोमा १८ महिने प्रि-डिप्लोमा सम्झनुपर्छ ।

(झ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा

अनुदान नपाउने गरी निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले विद्यालयमा सिकाइ सहजीकरण गर्न नियुक्त अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ड) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(थ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

(द) "प्रारम्भिक बालशिक्षा" भन्नाले पाँचवर्ष मुनिका बालबालिकालाई दिइने प्रारम्भिक बाल शिक्षा तथा विकास सम्झनुपर्छ ।

(न) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले सङ्घीय ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(प) "प्रमुख" भन्नाले घोराही उपमहानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(फ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले घोराही उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ब) "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(भ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(म) "शिक्षा महाशाखा प्रमुख" भन्नाले घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख वा निजको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(य) "शिक्षा युवा तथा खेलकुद महाशाखा" भन्नाले घोराही उपमहानगरपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद महाशाखालाई सम्झनुपर्छ ।

(र) "शिक्षक किताब खाना" भन्नाले सङ्घीय कानून बमोजिम गठन भएको शिक्षकको पेन्सन, उपदान आदि अभिलेख व्यवस्थित गर्न तोकिएको निकाय सम्झनुपर्छ ।

(ल) "शिक्षक सेवा आयोग" भन्नाले सङ्घीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

(व) "शिक्षा समिति" भन्नाले नगर शिक्षा समिति सम्झनुपर्छ ।

(श) "सङ्घीय शिक्षा ऐन" भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा

ऐनलाई सम्झनुपर्छ ।

(ष) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको ब्यक्ति सम्झनुपर्दछ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने ब्यक्तिलाई समेत जनाउँछ ।

३. माध्यमिक शिक्षाको प्रकार :

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा

(ख) परम्परागत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा ।

४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :

(१) उपमहानगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. विद्यालयको वर्गीकरण :

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी विद्यालय

(घ) सहकारी विद्यालय

६. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली, अंग्रेजी वा दुवै भाषा हुनेछ ।

(२) आधारभूत तहअन्तर्गत कक्षा ५ सम्म स्थानीय मातृ भाषामा शिक्षा दिन सकिने छ ।

(३) गैर नेपाली नागरिकले यस उपमहानगरपालिका भित्रका विद्यालयहरुमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्ने छ ।

(४) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(५) सामाजिक विषय अध्ययन अध्यापनको माध्ययम भाषा नेपाली हुनेछ ।

७. विद्यालय संचालन गर्न अनुमति लिनुपर्ने :

(१) कुनै नेपाली समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले सार्वजनिक शैक्षिक गुठी वा निजी लगानीको विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिससहित शिक्षा युवा तथा खेलकुद महाशाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन पर्न आएमा शिक्षा महाशाखाबाट तोकिएको पूर्वाधार पूरा भए नभएको स्थलगत अनुगमन गरी आफ्नो रायसहितको प्रतिवेदन शाखा प्रमुखले शिक्षा समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिन उपयुक्त देखिएमा कार्यपालिका समक्ष सिफारिस गर्नु पर्नेछ । कार्यपालिकाले शिक्षा समितिको सिफारिस अनुसार विद्यालय खोल्न अनुमति दिन सक्नेछ । शिक्षा महाशाखाले दफा ८ बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही त्यस्तो विद्यालयलाई तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

८. विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देजहरू तोकिए बमोजिम हुनेछन् ।

९. विद्यालय खोल्न स्वीकृति प्रदान गर्ने :

(१) दफा ७ को उपदफा (३) बमोजिम अनुमति प्राप्त आधारभूत तथा

माध्यमिक विद्यालयले स्वीकृतिको लागि तोकिए बमोजिमको ढाँचामा शिक्षा युवा तथा खेलकुद महाशाखा समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा महाशाखामार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई प्रतिवेदन शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि दफा ८ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिले निर्णयसहित कार्यपालिकामा पेश गर्नुपर्नेछ । कार्यपालिकाले शिक्षा समितिको सिफारिस अनुसार विद्यालय खोल्न स्वीकृति दिन सक्नेछ । शिक्षा शाखाले दफा ८ बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही त्यस्तो विद्यालयलाई तोकिए बमोजिमको ढाँचामा स्वीकृति पत्र दिनु पर्नेछ ।

१०. प्रारम्भिक बाल शिक्षा तथा विकास केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था :

प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. मातृ भाषामा शिक्षा दिन सकिने :

मातृ भाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२. मुनाफा नलिने विद्यालय सञ्चालन सम्बन्धी व्यवस्था :

(१) सङ्घीय कानूनको मापदण्ड बमोजिम गुरुकुल, आश्रम, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले विद्यालय सञ्चालन गर्न निवेदन दिनेलगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन

गर्न सकिने :

कम्पनी अन्तर्गत सञ्चालन भएको कुनै संस्थागत विद्यालय शैक्षिक गुठी अन्तर्गत सञ्चालन गर्न चाहेमा सोको अनुमतिसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. धरौटी राख्नुपर्ने :

संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत तोकिए बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ ।

१५. विद्यालय सार्न वा गाभ्न सकिने :

नगर कार्यपालिकाले शिक्षा समितिको सिफरिसमा दुई वा दुईभन्दा बढी विद्यालयलाई एक आपसमा गाभी एउटा विद्यालय कायम गर्न वा सार्न सकिनेछ । विद्यालय सार्न वा गाभ्न पर्ने अवस्था तोकिए बमोजिम हुनेछ ।

१६. विद्यालयको तह वा कक्षा थपघट गर्न सकिने :

विद्यालयको तह वा कक्षा थप गर्न वा घटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार :

(१) नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा अधिकृतलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्य टोली गठन गर्ने,

(ग) शिक्षक सरुवाको मापदण्ड बनाई उपमहानगरपालिकाको तहमा एकरुपता रहने गरी शिक्षक विद्यार्थी अनुपात मिलाउने, गुणस्तर कायम गर्ने, आचारसंहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न

निर्देशन दिने,

(ङ) प्रदेश तथा संघको कानुन बमोजिम हुने शिक्षा सम्बन्धी विषयहरुको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) प्रत्येक ६ महिनामा उपमहानगरपालिका भित्रका सबै किसिमका विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) यस ऐनको परिधिभित्र रही आवश्यक क्षेत्रहरुको मापदण्ड बनाउने,

(झ) शिक्षालाई व्यवहारिक, उद्यमशिल र रोजगार उन्मुख बनाउने नीति अवलम्बन गर्ने,

(ञ) अनौपचारिक शिक्षा, दूर शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा, खुला शिक्षा तथा बैकल्पिक शैक्षिक कार्यक्रमको सञ्चालन कार्यपालिकाले मन्त्रालयबाट भएको व्यवस्थासँग तादाम्य हुने गरी आवश्यक कार्यविधि बनाई लागु गर्ने,

(ट) शिक्षा सम्बन्धी कानून निर्माणको लागि नगर सभामा पेश गर्ने ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिए तापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सिमान्तकृत वर्गका छात्र छात्रालाई दिइने छात्रबृत्तिका आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरुको सेवा, शर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा संस्थागत विद्यालयहरुको संगठनको समेत सहभागिता एवं राय परामर्श लिई निर्णय गर्नुपर्नेछ ।

१८. नगर शिक्षा समितिगठन (१) उपमहानगरपालिकामा देहाय बमोजिमको एक नगर शिक्षा समिति रहनेछ :

(क) नगरपालिकाको प्रमुख वा निजले तोकेको कार्यपालिकाको सदस्य- अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा सो कार्य गर्न तोकिएको व्यक्ति- सदस्य

(ग) सामाजिक विकास समितिका संयोजक- सदस्य

(घ) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट नगर प्रमुखले तोकेका एकजना महिला पर्ने गरी दुईजना- सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट नगर प्रमुखले तोकेको एकजना- सदस्य

(च) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्था मध्येबाट नगर प्रमुखले तोकेको प्रतिनिधि एकजना- सदस्य

(छ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर प्रमुखले तोकेको प्रतिनिधि एकजना- सदस्य

(ज) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट नगर प्रमुखले तोकेको सदस्य एकजना- सदस्य

(झ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवी वा बुद्धिजीवीहरु मध्येबाट नगर प्रमुखले तोकेको एक जना महिलासहित २ जना- सदस्य

(ञ) अध्यक्ष शिक्षक महासंघ घोराही उपमहानगरपालिका- सदस्य

(ट) शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख- सदस्य-सचिव

(२) समितिको बैठक संचालन प्रकृया, बैठक भत्ता तथा सेवा सुबिधा नगर कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) मनोनीत सदस्यको पदावधि मनोनयन गरेको मितिबाट तीन वर्षको हुनेछ ।

(४) शिक्षा समितिको वैठक कम्तिमा प्रत्येक चौमासिकमा एकपटक बस्नुपर्नेछ ।

(५) उपदफा १ बमोजिम नियुक्त सदस्यले पदीय आचरण पूरा नगरेमा अध्यक्षले जुनसुकै बखत हटाउन सक्नेछ तर त्यसरी हटाउँदा स्पष्टिकरणको मौकाबाट बञ्चित गरिने छैन ।

(६) नगर शिक्षा समितिको काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी

कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१९. प्रमुख प्रशासकीय अधिकृत र शिक्षा महाशाखा प्रमुखको काम, कर्तव्य र अधिकार :

(१) प्रमुख प्रशासकीय अधिकृत र शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. विद्यालय व्यवस्थापन समिति गठन :

(१) विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना- सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको सदस्य- सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी वा चन्दादाता मध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिलासहित दुईजना- सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्यबाट छानी पठाएको एकजना-सदस्य

(च) प्रधानाध्यापक- सदस्य सचिव

(२) विद्यालयस्तरीय बाल क्लवले मनोनयन गरेको एक छात्रा र एक छात्र गरी दुईजना स्थायी आमन्त्रित सदस्य रहने छन् ।

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा थप २ जना सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा थप एकजना अपाङ्गता भएका विद्यार्थीको अभिभावक सदस्य रहनेछ ।

(४) शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख वा (शाखा अधिकृत) लाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा अनिवार्य रुपमा भाग लिन आमन्त्रण गर्नुपर्ने छ ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक संस्थागत विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) संस्थापक वा लगानीकर्ताहरु वा लगानीकर्ताहरुले सिफारिस गरेका व्यक्तिहरु मध्येबाट शिक्षा महाशाखा प्रमुखले तोकेका एकजना- अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एकजना महिला सहित विव्यसले मनोनीत गरेको दुइजना- सदस्य

(ग) विद्यालय हेर्न तोकिएको विद्यालय निरीक्षक (शाखा अधिकृत)- सदस्य

(घ) विद्यालयमा कार्यरत शिक्षकहरुले आफू मध्येबाट छानी पठाएका एकजना- सदस्य

(ङ) स्थानीय बुद्धिजीवी वा शिक्षा प्रेमीहरु मध्येबाट वडा समितिले मनोनित एकजना- सदस्य

(च) प्रधानाध्यापक- सदस्य सचिव

(८) विद्यालयस्तरीय बाल क्लवले मनोनयन गरेको एक छात्रा र एक छात्र गरी दुईजना स्थायी आमन्त्रित सदस्य रहने छन् ।

(९) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि तीन वर्षको हुनेछ ।

(१०) राजिनामा स्वीकृत गर्ने :

व्यवस्थापन समितिका सदस्यको राजिनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजिनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर, अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजिनामा व्यवस्थापन समितिको ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधिहरुले राखेको दृष्टिकोण

निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानून विपरितका कुनै निर्णय भएकोमा बालप्रतिनिधिहरुलाई जिम्मेवार बनाइने छैन ।

(११) अभिभावकको अभिलेखीकरण, व्यवस्थापन समितिको सदस्य छनौट प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२१. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने :

(१) देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा नभएको (वाल क्लबको प्रतिनिधि बाहेक),

(ग) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको

(ङ) नेपाल सरकारको वहालवाला कर्मचारी

२२. व्यवस्थापन समिति विघटन गर्न सक्ने :

(१) देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले समिति विघटन गर्न सक्नेछ र सोको जानकारी कार्यपालिकाको बैठकमा गराउनु पर्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवं हित विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटकपटक उल्लंघन गरेमा ।

२३. विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

(१) सामुदायिक तथा संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२४. शिक्षक अभिभावक संघ सम्बन्धी व्यवस्था :

(१) प्रत्येक विद्यालयमा शिक्षक र अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । शिक्षक अभिभावक संघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री :

(१) यस नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुमा पठनपाठन हुने पाठ्यक्रम मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) पाठ्यसामग्रीको समयमै सहज उपलब्धताको सुनिश्चत गर्न कार्यपालिकाले आवश्यक कार्ययोजना बनाई लागू गर्न सक्नेछ ।

(३) नगर कार्यपालिकाले स्थानीय पाठ्यक्रम तयार गरी लागू गर्न सक्नेछ ।

(४) पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. परीक्षा सम्बन्धी व्यवस्था :

(१) कक्षा ८ र ५ को नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहनेछ :

(क) शिक्षा महाशाखा प्रमुख- संयोजक

(ख) आधारभूत तह (कक्षा ८ चलेको) सामुदायिक विद्यालयका नि.मा.वि तहका शिक्षकहरुमध्येबाट संयोजकले तोकेका एकजना महिलासहित ३ जना- सदस्य

(ग) आधारभूत तह (कक्षा ८ चलेको) संस्थागत विद्यालयका शिक्षकहरु मध्येबाट संयोजकले तोकेको एकजना- सदस्य

(घ) शाखा अधिकृत (विद्यालय निरीक्षक)- सदस्य सचिव

(२) मनोनीत सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(३) परीक्षा सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले बनाउन सक्नेछ ।

(४) विद्यालयस्तरमा सञ्चालन हुने विभिन्न तहका परीक्षा सञ्चालन तथा समन्वय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था :

(१) नगरसभाले वार्षिकरुपमा शिक्षाको गुणस्तर मापन गरी सुधारको लागि कार्यपालिकालाई निर्देशन दिन सक्नेछ ।

(२) शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२८. विद्यार्थी सङ्ख्या, भर्ना र कक्षा चढाउने सम्बन्धी व्यवस्था :

(१) विद्यालयहरुमा विद्यार्थी सङ्ख्या, भर्ना र कक्षा चढाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार :

(१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न स्वीकृत दरबन्दीमा नवढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ ।

(२) प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. करारमा शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी व्यवस्था :

(१) सामुदायिक विद्यालयको रिक्त दरबन्दीमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनोट समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

(ख) शिक्षा महाशाखाको (शाखा अधिकृत)- सदस्य

(ग) सम्बन्धित वडाको वडाअध्यक्ष- सदस्य

(घ) सम्बन्धित विषयका विषय विज्ञहरु मध्येबाट छनोट समितिले तोकेको दुइजना- सदस्य

(ङ) प्रधानाध्यापक- सदस्य सचिव

(२) शिक्षक तथा कर्मचारी छनोट समितिको सचिवालय

उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद महाशाखामा रहनेछ ।

(३) आयोगले शिक्षक वा कर्मचारी छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(४) करारमा शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था :

(१) उपमहानगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय र दरबन्दी मिल्ने भएमा दुबै विद्यालय व्यवस्थापन समितिको सहमति र अनुमति समेत लिई नगर शिक्षा समितिको निर्णयको आधारमा शिक्षा महाशाखा प्रमुखले शिक्षकहरुको सरुवा गर्न सक्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था :

(१) सामुदायिक विद्यालयमा आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह (कक्षा १०) सम्मको शिक्षा निःशुल्क हुनेछ ।

(२) संस्थागत विद्यालयले कूल विद्यार्थी सङ्ख्याको दश प्रतिशत विपन्न एवं सिमान्तकृत विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

तर, संस्थागत विद्यालयले विद्यार्थीहरुलाई उपलब्ध गराउने छात्रवृत्ति बराबरको योगदान विद्यालयको शैक्षिक सुधार गर्नको लागि नगरपालिकाले शैक्षिक सुधार कोष स्थापना गरी तोकिए बमोजिम परिचालन गर्न सक्नेछ ।

(३) छात्रवृत्ति तथा निःशुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. शिक्षक तथा कर्मचारीले पाउने बिदा तथा काज सम्बन्धी व्यवस्था :

शिक्षक तथा कर्मचारीले पाउने बिदा काज सम्बन्धी व्यवस्था तोकिए

बमोजिम हुनेछ ।

३४. विद्यालयको चिन्ह :

विद्यालयको चिन्ह षट्कोणको हुनेछ । विद्यालय व्यवस्थापन समितिले निर्णय गरी सो षट्कोणको बीचमा आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

३५. विद्यालयको नामाकरण :

(१) समाज तथा राष्ट्रकै लागि उल्लेखनीय योगदान गर्ने वा ऐतिहासिक व्यक्ति, देवी देवता, तीर्थस्थल वा प्राकृतिक सम्पदा आदिको नामबाट नेपालीपन झल्कने गरी विद्यालयको नामाकरण गर्नुपर्नेछ ।

(२) विद्यालयको नामाकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. राष्ट्रिय गान गाउनु पर्ने :

विद्यालय खुलेको प्रत्येक दिनको प्रारम्भ र विभिन्न समारोहमा राष्ट्रिय गान गाउनु पर्नेछ ।

३७. झण्डोत्तोलन गर्नुपर्ने :

विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ ।

३८. विद्यार्थीको पोशाक :

यस उपमहानगरपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयमा पढ्ने विद्यार्थीहरुको एउटै किसिमको एउटै रङका कम खर्चिलो साधारण राष्ट्रियता झल्काउने हावापानी सुहाउँदो विभेद मुक्त पोशाक हुनेछ । विद्यालयले पोशाक खरिद गर्ने स्थान वा पसल तोक्न पाउने छैन ।

३९. विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था :

(१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम

हुनेछ ।

४०.विद्यालयलाई अनुदान दिने :

(१) सामुदायिक विद्यालयलाई नेपाल सरकार वा प्रदेश सरकार वा उपमहानगरपालिकाबाट विद्यालयको लागि प्राप्त रकम नगर कार्यपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालय संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

(२) विद्यालयलाई अनुदान बाँडफाँड गर्ने आधार तथा खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. विद्यालयको बजेट, आय व्ययको लेखा राख्ने सम्बन्धी व्यवस्था :

विद्यालयको बजेट, आय व्ययको लेखा राख्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. शिक्षक तथा शिक्षा क्षेत्रसम्बद्ध जनशक्तिको तालिम :

तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था संघ र प्रदेशले व्यवस्था गरे अनुरुप हुनेछ ।

तर, यस ऐनले नगर पालिकाभित्रका शिक्षकलाई स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तालिम दिन वाधा पर्नेछैन ।

४३. अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था :

विद्यालयहरुले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलाप सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. विद्यालय शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरवन्दी सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

शिक्षा सेवाको गठन, तह, श्रेणी विभाजन र दरवन्दी सम्वन्धमा संघ तथा प्रदेशको कानून वा ऐनसँग तादात्म्य हुने गरी कार्यपालिकाले कार्यविधि बनाई नगर सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

४५.सङ्घीय कानून बमोजिम हुने :

देहायका विषयहरु संघीय कानुन बमोजिम हुनेछन् :

(क) शिक्षक तथा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा,

(ख) शिक्षक तथा कर्मचारीका निवृत्तिभरण, उपदान, उपचार खर्च र अन्य व्यवस्था,

(ग) शिक्षक तथा कर्मचारीका अवकाश सम्बन्धी व्यवस्था,

(घ) शिक्षक तथा कर्मचारीको सजाय सम्बन्धी व्यवस्था,

(ङ) विद्यालयको वर्गीकरण सङ्घीय कानूनले तोकेको मापदण्ड अनुसार हुने,

(च) स्थायी आवासीय अनुमति सम्बन्धी व्यवस्था ।

४६. विद्यालय शुल्क सम्बन्धी व्यवस्था :

(१) सङ्घीय कानूनले बनाएको मापदण्ड अनुसार विद्यालयहरुले विद्यार्थीसँग लिन पाउने शुल्कको निर्धारण हुनेछ ।

(२) विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्कसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. जिम्मेवार रहने :

(१) प्रधानाध्यापक स्थानीय तह, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ, यसका लागि उनले अभिभावक एवं विद्यार्थीको बिचार सर्वेक्षण गर्नेछन ।

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले शिक्षा समितिसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

३) जिम्मेवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. संरक्षकको भूमिका :

नगर प्रमुख उपमहानगरपालिका भित्रका विद्यालयको गुणस्तरीय शिक्षाका लागि प्रमुख संरक्षकको रुपमा रहनेछन् ।

४९. निर्वाचित पदाधिकारीहरुले पालना गर्नुपर्ने आचारसंहिता :

यस उपमहानगरपालिका भित्रका निर्वाचित पदाधिकारीहरुले देहाय

बमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

क) संस्थागत विद्यालय वा नीजि अन्य कुनै प्रकारका शैक्षिक संघसंस्था सञ्चालनमा संलग्नता हुन नहुने तर प्राज्ञिक क्रियाकलापमा भाग लिन बन्देज नरहने,

ख) धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज रहने,

ग) राजनीतिक पार्टी वा अन्य कुनै दलगत समूहको स्वार्थमा विद्यार्थी र शैक्षिक संरचनाको प्रयोगलाई निषेधित गर्नुपर्ने,

घ) विद्यालयको समग्र शैक्षिक गुणस्तरको अभिवृद्धिमा ध्यान दिनुपर्ने,

ङ) जनप्रतिनिधि समाजकै रोल मोडेल हुने हुँदा सार्वजनिक ठाउँहरु तथा विद्यालय वा शैक्षिक संस्थामा उपस्थित रहँदा नकरात्मक सन्देश प्रवाह हुने कुनै क्रियाकलाप नगर्न सजग रहनु पर्ने ।

५०. शिक्षक तथा कर्मचारीले पालन गर्नुपर्ने आचारसंहिता :

शिक्षक तथा कर्मचारीले देहाय बमोजिमको आचारसंहिता पालन गर्नु पर्नेछ :

(क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनुपर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न नहुने,

(घ) नेपाल सरकार र नेपाली जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक

वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशित गर्न वा प्रेसलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्वारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मूख्य लक्ष्य सम्झनु पर्ने,

(च) आज्ञाकारिता, अनुशासन, सद्भावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनु पर्ने,

(छ) कुनैभाषा, सम्प्रदाय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र सम्बन्धीत स्थानीय तहको स्वीकृति नलिई आफू वहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्वारा राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

(ञ) नेपाल राष्ट्रको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी देशको शान्ति, सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको अवहेलना हुने वा कुनैपनि कार्यालय वा अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने ।

(ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,

(२) उपनियम (१) बमोजिमको आचारसंहिताको पालन भए नभएको अभिलेख शिक्षकहरुको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचार संहिता पालन नभएको भए त्यसको विवरण सम्बन्धित स्थानीय तहमा पठाउनु

पर्नेछ ।

५१. विद्यार्थीले पालन गर्नु पर्ने आचार संहिता :

विद्यार्थीहरुले देहाय बमोजिमको आचार संहिता पालन गर्नु पर्नेछ :

(क) शिक्षकको आज्ञापालन र आदर गर्नु पर्ने,

(ख) विद्यालयमा वा बाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त संधै प्रयत्नशील रहनु पर्ने,

(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्ने,

(ङ) सबैसँग शिष्ट व्यवहार गर्नुपर्ने,

(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नुपर्ने,

५२. नियम बनाउने अधिकार :

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले शिक्षा नियमावली, निर्देशिका, कार्यविधि तथा अन्य आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५३. बचाउ र लागू नहुने :

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा लेखिएका विषयमा सोही बमोजिम र नलेखिएका विषयमा प्रचलित कानूनबमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना( मिनागरेको कसूरमा प्रचलित कानुन बमोजिम कारवाही चलाउन बाधा पर्नेछैन ।

(३) संविधान संघीय कानुन र प्रदेश कानुनसँग यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्नेछैन ।

(५) यस अघि भए गरिएका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

**ऋषिराम के.सी.**

प्रमुख प्रशासकीय अधिकृत